बैठक नः ५३

आज मिति २०८३ साल अशोज १५ गते बिहीबारका दिन यस उदयपुरगढी गाउँपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगर ज्यूको अध्यक्षतामा उदयपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको सभा हलमा तपसिलमा उल्लेखित कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा विहानको ठिक ११ बजे कार्यपालिकाको बैठक बसी उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मान बहादुर केप्छाकी मगर | अध्यक्ष | |
| २. | श्री जीत बहादुर खड्का | सदस्य (उपाध्यक्ष) | |
| ३. | श्री दिल बहादुर राना मगर | सदस्य (वडा अध्यक्ष वडा नं १) | |
| ४. | श्री ईन्द्र बहादुर राउत | सदस्य (वडा अध्यक्ष वडा नं २) | |
| ५. | श्री मनोज कुमार कार्की | सदस्य (वडा अध्यक्ष वडा नं ३) | |
| ६. | श्री राम बहादुर घले | सदस्य (वडा अध्यक्ष वडा नं ४) | |
| ७. | श्री कुमार अधिकारी | सदस्य (वडा अध्यक्ष वडा नं ५) | |
| ८. | श्री कृष्ण बहादुर खत्री | सदस्य (वडा अध्यक्ष वडा नं ६) | |
| ९. | श्री भुवन केप्छाकी मगर | सदस्य (वडा अध्यक्ष वडा नं ७) | |
| १०. | श्री थिर बहादुर राउत | सदस्य (वडा अध्यक्ष वडा नं ८) | |
| ११. | श्री सहेक बहादुर विश्वकर्मा | सदस्य | |
| १२. | श्री डल्लीमाया विश्वकर्मा | सदस्य | |
| १३. | श्री मिना कुमारी तामाङ्ग | सदस्य | |
| १४. | श्री सरिता कार्की | सदस्य | |
| १५. | श्री यशोदा कुमारी राई | सदस्य | |
| १६. | श्री भक्त बहादुर राई | प्रमुख प्रशासकीय अधिकृत | |

अघिल्लो बैठकको समीक्षाः

| क.सं. | निर्णय नं | निर्णयको विवरण | जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १. | ५ | विज्ञापन कर, कृषि उपजको निकासीमा लाग्ने शुल्क र प्रदुशण नियन्त्रण शुल्कमा टेन्डर आहान गर्ने | प्रशासन शाखा | सूचना प्रकाशन भएको |
| २. | १० | प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्ने | लेखा शाखा | रकम कट्टी गरिएको |
| ३. | १८ | जनस्वास्थ्य अधिकृत, सूचना प्रविधि अधिकृत र विद्यालय नर्सको विज्ञापन गर्ने | प्रशासन शाखा | विज्ञापन गरिएको |

आजको बैठकको प्रस्तावहरुः

१. लघु उद्यम विकास कार्यक्रम नयाँ उद्यमी सिर्जना कार्यक्रमको स्थान छनोट सम्बन्धमा।
२. कार्यक्रम तर्फका करार सेवाका कर्मचारीको सेवा सुविधा सम्बन्धमा।
३. नदीजन्य पदार्थ संकलन तथा निकासीको IEE को TOR स्वीकृत गर्ने सम्बन्धमा।
४. विद्यालय नर्सिङमा उपलब्ध वजेटको लागि विद्यालय तोक्ने सम्बन्धमा।
५. करार कर्मचारीको महंगी भत्ता लागि श्रोत निर्धारण सम्बन्धमा।
६. नेपालटार उदयपुरगढी सडक प्रदेश समपुरक अनुदानको लागि Chanage तोक्ने सम्बन्धमा।
७. देउलीकुना बाहुनीटार जरुवा रुन्चे भञ्याङ सडक स्तरोन्नती वडा नं १,२ र ३ Chanage तोक्ने सम्बन्धमा।
८. 'घ' बर्गको निर्माण व्यवसायी स्वीकृति प्रदान गर्ने सम्बन्धमा।
९. स्वर्गे नागबेले लहान सडक स्तरोन्नती वडा नं ६ ठेक्का नं URM/SQ/Works/04-2082-83 को VO सम्बन्धमा।
१०. निजी जग्गाको लागि IEE गर्न अनुमति दिने सम्बन्धमा।
११. सहास नेपालसँग साझेदारी सम्बन्धमा।
१२. बुद्धिमान राई र चेतन कार्कीलाई सहायक चौथो कायम गर्ने सम्बन्धमा।

**आजको बैठकको प्रस्ताव उपरका निर्णयहरुः**

१. नं प्रस्तावः

लघु उद्यम विकास कार्यक्रम नयाँ उद्यमी सिर्जना कार्यक्रमको स्थान छनोट सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रम तर्फ नयाँ उद्यमी सिर्जना गर्नको लागि वडा नं २ र ५ छनोट गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

२. नं प्रस्तावः

कार्यक्रम तर्फका करार सेवाका कर्मचारीको सेवा सुविधा सम्बन्धमा।

निर्णयः

कार्यक्रम तर्फका करार सेवाका तपसिल बमोजिम कार्यक्रमको कार्यक्रम संचालन निर्देशिकामा स्थानीय तहले कर्मचारीलाई अन्य सेवा सुविधा थप गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिँदा महंगी भत्ता उपलब्ध गराउने निर्णय सर्व सहमतिले पारित गरियो।

तपसिलः

| क.सं. | कार्यक्रम | कर्मचारी संख्या | पद | कैफियत |
|---|---|---|---|---|
| १. | लघु उद्यम विकास कार्यक्रम | २ | लघु उद्यम सहज कर्ता सहायक पाचौं | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४१ को देहाय (च) |
| २. | राष्ट्रिय रोजगार कार्यक्रम | १ | राष्ट्रिय रोजगार संयोजक अधिकृत स्तर छैटौं | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को बुँदा १८ को ३ |
| ३. | गरिवसँग विश्वेश्वर कार्यक्रम | १ | सामाजिक परिचालक सहायक चौथो | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०८३/०४/२९ च.नं. १६० को |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | गरिवसँग विश्वेश्वर कार्यक्रम संचालन सम्बन्धमा भएको परिपत्र। |
| ४. | करुणा फाउण्डेसन | ३ | समुदायमा आधारित पुनःस्थापना सहजकर्ता (२) अपाङ्गगता सहायता सहजकर्ता (१) | सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरको मिति २०८३/०५/२५ को परिपत्र |
| ५. | सामी | १ | मनोसामाजिक परामर्शकर्ता | युवा, श्रम तथा रोजगार मन्त्रालय सिंहदरबार काठमाण्डौको मिति २०८३/०५/१० गतेको पत्र |

३. नं प्रस्तावः

नदीजन्य पदार्थ संकलन तथा निकासीको IEE को TOR स्वीकृत गर्ने सम्बन्धमा।

निर्णयः

उदयपुरगढी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यवीधि,२०७९ को परिच्छेद २ को दफा ४ ले तोके बमोजिम अनुसूची ४ बमोजिमको श्री वारवरा ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.ली. काठमाण्डौ १० विजुलीबजारद्वारा प्रस्तुत पौवा खोला, बैद्यनाथ खोला र तावाखोलाबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा,गिट्टि तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची स्विकृत गर्ने निर्णय सर्व सहमतिले पारित गरियो ।

४. नं प्रस्तावः

विद्यालय नर्सिङमा उललब्ध वजेटको लागि विद्यालय तोक्ने सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकालाई प्राप्त विद्यालय नर्सिङ कार्यक्रमको लागि वडा नं ६ मा संचालित श्री वोहरीवोट मा.वि. लाई प्रदान गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

५. नं प्रस्तावः

करार कर्मचारीको महंगी भत्तो लागि श्रोत निर्धारण सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकाको कार्यपालिकाले विभिन्न समयमा गरेको करार सेवामा कार्यरत कर्मचारीको लागि सेवा सुविधा सम्बन्धमा भएको निर्णयहरुको लागि विनियोजन तलब भत्ता शिर्षकबाट भुक्तानी गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

६. नं प्रस्तावः

नेपालटार उदयपुरगढी सडक प्रदेश समपुरक अनुदानको लागि Chanage तोक्ने सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकालाई नेपालटार उदयपुरगढी सडक निर्माणको लागि प्रदेश समपुरक अनुदान मार्फत प्राप्त वजेटबाट बाँकी सडक कालोपत्रे गर्न ४+५०० देखि ६+००० को Chanage मा कार्य गर्ने र ८+००० देखि ९+९७५ सम्म ग्राभेल गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

७. नं प्रस्तावः

देउलीकुना बाहुनीटार जरुवा रुन्चे भञ्याङ सडक स्तरोन्नती वडा नं १,२ र ३ Chanage तोक्ने सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकालाई देउलीकुना बाहुनीटार जरुवा रुन्चे भञ्याङ सडक स्तरोन्नती वडा नं १,२ र ३ सडक निर्माणको लागि संघीय समपुरक अनुदान मार्फत प्राप्त वजेटबाट गोहिया कुमारको बारी देखि ललहरी खोला सम्म कार्य गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

८. नं प्रस्तावः

'घ' बर्गको निर्माण व्यवसायी स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

निर्णयः

CamScanner

यस उदयपुरगढी गाउँपालिकामा कार्यालय राखी निर्माण व्यवसाय गर्न इच्छुक तपसिलका निर्माण व्यवसायीलाई 'घ' बर्गको निर्माण व्यवसायको इजाजत प्रदान गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

तपसिलः

क) सुनेहा इन्जिनीयरिङ एण्ड बिल्डर्स प्रा.लि. उदयपुरगढी ६ उदयपुर

ख) जोजो आले कन्स्ट्रक्सन प्रा.लि. उदयपुरगढी ६ उदयपुर

९. नं प्रस्तावः

स्वर्गे नागबेले लहान सडक स्तरोन्नती वडा नं ६ ठेक्का नं URM/SQ/Works/04-2082-83 को VO सम्बन्धमा ।

निर्णयः

यस उदयपुरगढीको स्वर्गे नागबेले लहान सडक स्तरोन्नती वडा नं ६ ठेक्का नं URM/SQ/Works/04-2082-83 को काम गर्ने क्रममा ग्याविन जाली थप गर्नु अनिवार्य आवश्यकता परी रु. २ लाख ७ हजार ३०५ बराबरको बढी कार्य भएकोले उक्त रकम बराबरको VO गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

१०. नं प्रस्तावः

निजी जग्गाको लागि IEE गर्न अनुमति दिने सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकाको वडा नं ७ निवासी खड्ग माया केप्छाकी मगरको कि.नं. ७३ को २ रोपनी, एक बहादुर मगरको कि.नं. ३२ को ७ रोपनी ५ आना ३ दाम, सुन माया मगरको कि.नं. ४० को ६ रोपनी र हर्क बहादुर मगरको कि.नं. ७५ को ६ रोपनी ८ आना ३ दाम जग्गाबाट ढुंगा गिटी बालुवा उत्खनन्को लागि वडा नं ७ को कार्यालयको सिफारिस, जग्गा धनी र कन्स्ट्रक्सन बीचको सम्झौता तथा कन्स्ट्रक्सनको माग निवेदन बमोजिम निज पक्षहरुले प्रचलित कानुनमा भएको व्यवस्थाहरु पुर्ण रुपमा पालना गर्ने गरी उक्त जग्गाहरुमा IEE गर्नको लागि खड्का दाजुभाई कन्स्ट्रक्सन प्रा.लि. लाई अनुमति दिने निर्णय सर्व सहमतिले पारित गरियो।

११. नं प्रस्तावः

सहास नेपालसँग साझेदारी सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकामा कार्यक्रम गरिरहेको सहास नेपाल सँग तपसिल बमोजिम आ.व. २०८३/८४ मा गैह सरकारी संस्थासँग साझेदारी शिर्षकमा विनियोजित वजेटबाट लागत साझेदारी गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

तपसिलः

| क्र.स. | कार्यक्रम शिर्षक | जम्मा वजेट | सहास नेपाल वाट | उदयपुरगढी गाउँपालिका वाट | कैफियत |
|---|---|---|---|---|---|
| १ | साना पशुपालन वंगुर र वाखापालन सहयोग (खोर निर्माण सहित) | ५,४०,०००। | ३,४०,०००। | २,००,०००। | |
| २ | प्रकोप जोखिम क्षेत्रहरूमा वायोइन्जिनियरिगं | ७,००,०००। | ५,००,०००। | २,००,०००। | |
| ३ | कृषि मेला | १,२५,०००। | ७५,०००। | ५०,०००। | |
| ४ | विपद जोखिम न्युनिकरण को लागि कृतिम अभ्यास | २,२५,०००। | १,५०,०००। | ७५,०००। | |
| ५ | सिचाइ निर्माण | ४,००,०००। | २,००,०००। | २,००,०००। | |
| ६ | सुरक्षित खानेपानी योजना निर्माण | ४,००,०००। | २,००,०००। | २,००,०००। | |
| ७ | सौर्य मा आधारित सिचाइ योजना | १०,००,०००। | ५,००,०००। | ५,००,०००। | |
| ८ | जुटेल्नो पोखरी निर्माण | १,२०,००० | ७००००। | ५०,०००। | |
| | जम्मा | ३५,१०,०००। | २०,३५,०००। | १४,७५,०००। | |

१२. नं प्रस्तावः

बुद्धिमान राई र चेतन कार्कीलाई सहायक चौथो कायम गर्ने सम्बन्धमा।

निर्णयः

यस उदयपुरगढी गाउँपालिकामा कार्यरत कर्मचारीहरु बुद्धिमान राई र चेतन कार्कीलाई सहायक चौथो कायम गर्ने र सोहि बमजिम सेवा सुविधा प्रदान गर्ने निर्णय सर्व सहमतिले पारित गरियो।

CamScanner